मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २८ ◆ अङ्क : २९४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० भदौ २४ गते आइतबार (Sunday, Sept. 10 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

दुर्घटनामा मृत्यु

झापा, भदौ २३। झापाको कमल-३स्थित भित्री सडकखण्डमा भएको सवारी दुर्घटनामा परी एक व्यक्तिको मृत्यु भएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी सहायक निरीक्षक याम खड्काले दिएको जानकारी अनुसार कमल-३ बोहोरा टोलमा भएको दुर्घटनामा परी सोही ठाउँ निवासी ३० वर्षीय बीरेन्द्र सहनीको मृत्यु भएको हो ।

दक्षिणबाट उत्तरतर्फ आइरहेको मे११प ९२०३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको मे२प ५९२३ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाँदा मे २प ५९२३ नम्बरका मोटरसाइकल चालक सहनीको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ ।

अलैंचीको राष्ट्रिय नीति-निर्माणमा जोड

वार्षिक १० अर्बको अलैंची निर्यात, सरकारी उपेक्षा, तीनै तहमा छैन नीति र कानून

बिर्तामोड, भदौ २३। वार्षिक १० अर्बभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने अलैंची खेती सरकारको उपेक्षामा परेको छ ।

मुलुकमा संघीयता कार्यान्वयन भई तीन तहको सरकार बनेको यत्तिका वर्ष बिते पनि हालसम्म तीनै तहमा अलैंची सम्बन्धी कुनै पनि नीति कानून बनेका छैनन् । वर्षेनि अलैंची खेती विभिन्न समस्याले ओरालो लागीरहेका बेला यस क्षेत्रका समस्या सम्बोधन गर्न सरोकारवालाले अलैंचीको राष्ट्रिय नीति निर्माणमा जोड दिएका छन् । शनिबार बिर्तामोडमा आयोजित नेपाल अलैंची व्यवसायी महासंघको आठौं साधारणसभामा उपस्थित कृषक तथा व्यवसायिक क्षेत्रका नेताहरुले अलैंची खेती र व्यवसायको विस्तार र प्रवर्द्धनका लागि सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

महासंघका अध्यक्ष निर्मल भट्टराईले तीनै तहका सरकार समक्ष अलैंची खेती तथा व्यवसायको सम्वर्द्धन, विकास र प्रवर्द्धनका कार्यलाई प्राथमिकतामा राखी वार्षिक नीति तथा कार्यक्रम र बजेटमा अलैंचीको विषयलाई समावेश गर्न आग्रह गरे । उनले भने- 'अलैंची उत्पादकदेखि निर्यातकर्तासम्मको समस्याहरुलाई सम्बोधन गर्न यथाशक्य चाँडो अलैंचीको राष्ट्रिय नीति निर्माण गर्न सरकार समक्ष जोडदार माग गर्दछु ।

हाल ५२ वटा जिल्लामा १७ हजार हेक्टर जमिनमा विस्तार भएको अलैंची खेतीबाट वार्षिक आठ हजार मेट्रिक टनभन्दा बढी उत्पादन हुँदै आएको छ । उत्पादनमध्ये पाँच प्रतिशत नेपालमा खपत हुने र बाँकी भारत तथा तेस्रो मुलुकमा निर्यात भई वार्षिक दश अर्ब रुपैयाँसम्म विदेशी मुद्रा आर्जन हुँदै आएको महासंघका अध्यक्ष भट्टराईले बताए । नेपालको अलैंची गुणस्तर र उत्पादनको दृष्टिकोणले विश्व बजारमा

(बाँकी अन्तिम पृष्ठमा)

पत्रकार न्यौपानेसहित ५ जना सम्मानित

झापा, भदौ २३। नेपाल अलैंची व्यवसायी महासंघले पत्रकारसहित पाँच जनालाई सम्मान गरेको छ ।

बिर्तामोडमा आयोजित आठौं वार्षिक साधारणसभाको अवसरमा पत्रकार सन्तोष न्यौपानेसहित कृषक र व्यवसायी सम्मानित भएका हुन् । सम्मानित पत्रकार न्यौपाने सात वर्षदेखि एभिन्यूज टेलिभिजनमा कार्यरत छन् । उनी साझा अनलाइन न्यूज डटकमका सम्पादक पनि हुन् । पत्रकार न्यौपानेलाई नगद आठ हजार एक रुपैयाँसहित सम्मान गरिएको हो ।

सम्मानित हुनेमा कृषक भीमलाल मावो, लघु उद्यमी माया गुरुङ, र उत्कृष्ट जिल्लाका रुपमा कास्की रहेका छन् । उनीहरूलाई जनही आठ

(बाँकी अन्तिम पृष्ठमा)

चोरको उपद्रो

गौतमको घरमा दहीच्यूरा खाँदै चोरी

झापा, भदौ २३। बिर्तामोड-२ रामचौक निवासी तिला र उनका श्रीमान गोविन्द गौतम शुक्रवार अपरान्ह काम विशेषले दमक गए । उनीहरु दमक गएको मौका छोप्दै यता उनीहरुको घरमा भने चोरले डेरा जमाएर सर्वश्व लिएर गएको घटना सार्वजनिक भएको छ ।

बिर्तामोड नगरपालिकाको कार्यपालिका सदस्य समेत रहेकी तिलाले बिहानैबाट घर छाडेकी थिइन् । बिर्तामोड नगरपालिकामा सामाजिक विकास समितिको नियमित बैठकमा सहभागी हुन उनी बिहानै घरबाट हिँडेकी थिइन् । सामाजिक विकास समितिको बैठक सम्पन्न गरेर उनी वडा कार्यालय आइन् । त्यसपछि उनी अपरान्ह ३ वजेतिर श्रीमान् गोविन्दसंग दमक लागिन् । शुक्रवार राति उनीहरु दमकमा आफन्तकोमा बसे ।

यता उनीहरुको घरमा भने शुक्रबाररात्रि नै चोरी भएको छ । चोर पनि कस्ता ? चोरी गर्न आएका व्यक्तिले गौतमको घरमा भएको जायजेथा मात्रै लगेनन् सामान चोर्नु अघि घरमा रहेको दहीच्यूरा खाएर तीज मनाए सरह नै रात बिताए । उनीहरुले दहीच्यूरा मात्रै खाएनन् जीवनजल पानी समेत बनाएर खान भ्याए । दहीच्यूरा एउटा थालमा मुछेर छाडेको र अन्य केही थाल जुठै रहेकाले धेरै जना मिलेर चोरेको गौतम दम्पत्तिको अनुमान छ ।

चोरले गौतमको चारकोठे एक तले घरमा राखिएको सबै सामग्री एक-एक गर्दै लगेको

इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ । गौतमकै घरमा रातभर बसेर चोरले सामान छानी-छानी चोरेको देखिन्छ- इलाका प्रहरी कार्यालय अनारमनीका एक प्रहरी अधिकृत भन्छन्- हामीले चोरी भएको घरको स्थलगत निरीक्षण र मुचुल्का तयार गरेका छौं । के कति क्षति पुऱ्याए सबै थाह हुन बाँकी छ तर चार वटै कोठामा राखिएका महत्वपूर्ण सबै सामग्री चोरी गरेको देखिन्छ ।

शनिवार विहान गौतमको घर खुल्ला देखेपछि छिमेकीले गौतम दम्पत्तिलाई खबर गरेका थिए । छिमेकीको खबरपछि हतारिँदै आएका गौतम दम्पत्ति अहिले रुनु न हाँस्नुको अवस्थामा छन् । नहुन् पनि किन ? घरमा दुई/दुई वटा ताला लगाउँदा पनि चोरले ताला फुटाएर घरमा रहेका भाडा वर्तनसम्म चोरेर लगेपछि । गौतम दम्पत्ति अहिले छिमेकी र आफन्तमाझ रुन्चे हाँसोमा उत्तर दिँदै भन्छन्- पानी खाने लोटासम्म बाँकी नराखी चोरेर लगेछन् ।

चोरी गर्न आउने व्यक्तिले रामा/रामा सबैखाले भाँडावर्तनसहित नगद, सुनचाँदी र गरगहना लटीपटी पारेछन् । चोरले नगद झण्डै दुई लाख रुपैयाँ (भारुसहित), दुई तोला सुन, चाँदीका विभिन्न गरगहना, चाँदीकै शिवजीको प्रतिमा, चाँदीकै करुवा, चाँदीकै लोटा आदि लगेछन् । मन्दिरमा राखिएको चाँदीको कलश र प्रतिमासम्म चोर्नु भनेको कतिसम्म गरेछन् भन्न सक्ने अवस्था छैन- तिलाले भनिन् ।

भाँडावर्तनमा सबैभन्दा धेरै झर्के थाल (१५ वटाभन्दा बढी), लोटा, कलश, करुवासहितका अन्य भाँडाबर्तन चोरी भएको छ- तिलाले भनिन्- बाँकी केही राखेनछ, चोरले हामीलाई बसाइँ सर्दा छाडेको घर कस्तो हुन्छ, त्यस्तै बनायो । घरबाट अरु के कति सामान चोरी भयो त्यसको विवरण तयार गरेर प्रहरीलाई जानकारी गराउने गौतम दम्पत्तिले बताएका छन् । गौतमको घरमा चोरी भएको सूचना पाए लगत्तै पुगेको प्रहरीको टोलीले घटनाको सूक्ष्म रुपमा अनुसन्धान अघि बढाएको जनाएको छ । इलाका प्रहरी अनारमनीले सादा पोशाकमा प्रहरी खटाएर अनुसन्धान अघि बढाएको जनाएको छ ।

अमेरिका बसेर मानव तस्करी गर्दै गौतम

झापा, भदौ २३। पश्चिम नेपालको रुकुम घर भई हाल अमेरिकी नागरिकता लिएका एक व्यक्तिले विभिन्न मुलुकमा एजेन्ट परिचालन गरी नेपालीलाई बेचबिखन गरेको पाइएको छ ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले गरेको अनुसन्धानमा त्यसरी तस्करीका मुख्य योजनाकार (नाइके) अमेरिकाको टेक्सास बस्ने अमेरिकी नागरिक ५२ वर्षीय हस्त गौतमले अहिलेसम्म दुई सय जनालाई अमेरिका पठाइसकेको खुलेको छ ।

यसरी अमेरिका पठाउने क्रममा गौतमले रु. दुई करोडभन्दा बढी ठगी गरेको पाइएको ब्यूरोका प्रहरी नायव उपरीक्षक ज्ञानबहादुर विष्टले जानकारी दिए ।

उनको शुरुवाती घर भने पश्चिम नेपालको रूकुमस्थित सिस्ने गाउँपालिकाको नाथीगाड हो । गौतमका सहयोगी कमल तामाङसहितका तीन जनाबिरुद्ध भने यसअघि नै पाँच वटा मुद्दा दर्ता गरी ब्यूरोले अनुसन्धान थालिसकेको छ । उनले आफ्नो आधार क्षेत्र मेक्सिको बनाई पाँच जना एजेन्टलाई नेपालसहित युनाइटेड अरब इमिरेट्स (युएई), सिंगापुर, फिलिपिन्स, थाइल्याण्ड, श्रीलङ्का, कोलम्बिया, ल्याटिन अमेरिकालगायत क्षेत्रमा परिचालन गरी मानव तस्करी गर्ने गरेको पाइएको छ ।

उनीहरूबाट पीडित बनेका चार जनाको उद्धार गरिएको छ भने अझै दुई जनाको उद्धार गर्न बाँकी रहेको प्रहरी नायब उपरीक्षक विष्टले बताए । बाँकी १३ नेपालीलाई विभिन्न देश पठाउने भनी अलपत्र पारेको उजुरी परेको छ- उनले भने । उनले अमेरिका पठाउने भनी भ्रमण राहदानीको समेत दुरुपयोग गरेको पाइएको छ ।

गौतमले नेपाली नागरिकलाई विभिन्न देशमा पुर्याई राहदानी, मोबाइलसमेत जफत गरी ठूलो मात्रामा पैसा माग गर्ने गरेका थिए । एजेन्टले भने जति पैसा नदिए शारीरिक तथा मानसिक यातना दिने, थप पैसा माग्ने, विदेशमा रहेका एजेन्टलाई बेचबिखन गर्ने, बुझाउनेजस्ता क्रियाकलाप गरी नेपाली नागरिकलाई अलपत्र पार्ने गरेको पाइएको छ ।

गौतममाथि मानव बेचबिखन, ओसारपसार तथा सङ्गठित अपराध मुद्दामा अदालतबाट सात दिनको म्याद लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

आर्थिक पत्रकारितामा जोड

युद्धबहादुर बोहोरा

इलाम, भदौ २३। साउथ एशिया वाच वन ट्रेड, इकोनोमिक्स एण्ड इन्भारोमेन्ट (सावती) द्वारा इलाममा २७ जना पत्रकारलाई आर्थिक पत्रकारिता सम्बन्धी प्रशिक्षण दिइएको छ ।

नेपाल पत्रकार महासंघ, इलाम शाखासँगको सहकार्य तथा सावतीको आयोजनामा दुई दिने 'वर्कसप फर इकोनोमिक्स जर्नालिष्टस्' सञ्चालन भएको थियो । ताप्लेजुङ, पाँचथर, इलाम र झापा

गरी मेचीका चार जिल्लाबाट २७ जना पत्रकार सहभागी रहेको कार्यशाला समिट होटल इलाममा सम्पन्न भएको महासंघ इलाम शाखाका अध्यक्ष विप्लव भट्टराईले जानकारी दिए ।

कार्यशालामा सावतीका कार्यकारी निर्देशक डाक्टर पारस खरेलले नेपाल-भारत व्यापार सम्बन्ध र सबभन्दा कम विकसित मुलुकबाट विकसितमा पदोन्नति भएपछि नेपालको अर्थतन्त्र र व्यापारमा के प्रभाव पर्छ भन्ने सेसनको सहजीकरण गरेका थिए ।

वरिष्ठ अनुसन्धान अधिकारी क्षितिज दाहालले अन्तर्राष्ट्रिय व्यापारका मान्यता, अवधारणा, मुख्य उपकरण, नेपाल-बंगलादेश व्यापारको अवस्था, हार्मोनाइज्ड सिस्टम, विश्व व्यापारको तथ्याङ्क खोज्ने तरीका, ट्रेड एनालाईसिस, भन्सार महशुल लगायतको बारेमा प्रशिक्षण गराए ।

यसैगरी, सामुदायिक संलग्नता र आउटरिचका डेपुटी टीमलिडर अनिरुद्र न्यौपानेले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन बजेट कागजात, संघीय र प्रादेशिक बजेट चक्रको डाटा, आर्थिक विधेयक, विनियोजन विधेयक सम्बन्धमा आर्थिक पत्रकारलाई प्रशिक्षण दिए ।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले नेपाल राष्ट्र बैंक र समष्टिगत आर्थिक सूचकको बारेमा, बाह्य क्षेत्र सन्तुलन भुक्तानी र सम्बन्धित विषयहरू, देशको वर्तमान आर्थिक तथ्याङ्क सम्बन्धमा पनि जानकारी गराएका थिए । सावती कोषाध्यक्ष निलु थापाले कार्यक्रम सञ्चालन गरेकी थिइन् ।

उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापारसंग सम्बन्धित विषयवस्तुहरूबाट उत्पन्न हुने चुनौतिहरूको सामना गर्न साथै अवसरहरूको सदुपयोग गर्नका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गराउने मूल उद्देश्य बोकेको दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रुपमा सावती परिचित छ । ११ वटा गैरसरकारी संस्थाहरूको सञ्जालको रुपमा सन् १९९४ काठमाडौंमा स्थापना भएको सावतीले प्रतिस्पर्धा नीति तथा कानूनका विषयमा समेत अनुसन्धान र वकालत गर्दै आएको जनाएको छ ।

प्रहरीको हतियार लुटियो

विराटनगर, भदौ २३। विशेष अप्रेसनमा खटिएका प्रहरीको हतियार लुटिएको छ । सुनसरीको दक्षिण क्षेत्रमा विशेष अप्रेसनमा खटिएका दुई जना प्रहरीलाई आक्रमण गरी अज्ञात समूहले हतियार लुटेर लगेका हुन् ।

सुनसरीको बर्जू गाउँपालिका-१ शुक्रबारेमा ड्युटीमा रहेका सादा पोशाकका प्रहरीलाई शुक्रबार राति १२ बजे आक्रमण गरी हतियार लुटेको प्रहरीले जनाएको छ । आक्रमणकारीले प्रहरीको साथमा भएको ठूलो चाइनिज पेस्तोल, एउटा म्यागजिन र सात राउण्ड गोली लुटेको प्रहरीले जानकारी दिएको छ ।

सुनसरीको सीमावर्ती क्षेत्रमा हतियार देखाएर लुटपाट गर्ने समूह सक्रिय रहेको सूचनाका आधारमा त्यस सम्बन्धी सूचना संकलन गर्न प्रहरी जवान बिमन परियार र प्रेम चौधरीलाई प्रहरीले खटाएको थियो । उनीहरु इलाका प्रहरी कार्यालय दुहबीबाट खटिएका थिए ।

सादा पोशाकमा खटाइएका परियार र चौधरी पुग्नासाथ अन्दाजी चार जनाको संख्यामा रहेको समूहले आक्रमण गरी हतियार लुटेको सुनसरी प्रहरी प्रमुख एसपी विपीन रेग्मीले जानकारी दिए । उनका अनुसार शुरुमा काठको चिर्पटले प्रहार गरेर प्रहरीलाई घाइते बनाइयो ।

'पछाडिबाट टाउकोमा चिर्पट प्रहार गरियो । त्यस क्रममा दुई पक्षबीच केहीबेर घम्साघम्सी समेत भयो'- एसपी रेग्मीले भने- 'आक्रमणकारीको समूह ठूलो थियो । प्रहरी दुई जना मात्रै भएकाले त्यो समूहसँग भीड्न सक्ने अवस्था भएन ।' आक्रमणबाट प्रहरी जवान परियारको टाउकोमा चोट लागेको बताइएको छ ।

कोइला व्यवसायी अढाई महिनादेखि सम्पर्कविहीन

झापा, भदौ २३। मेचीनगर-६का ५१ वर्षीय कोइला व्यवसायी दुर्गाप्रसाद दाहाल विगत अढाइ महिनादेखि सम्पर्कविहीन भएका छन् । परिवारका सदस्यले उनको खोजीका लागि प्रहरीलाई अनुरोध गरेका छन् ।

भारतबाट कोइला आयात गरेर नेपालमा रहेका इँटा उद्योगमा आपूर्ति गर्ने व्यवसाय सञ्चालन गर्दै आएका दुर्गाप्रसादसँग गत असार २ गते अन्तिमपटक फोनमा सम्पर्क भएको उनकी पत्नी शोभा दाहालले जानकारी दिइन् । उनले इलाका प्रहरी कार्यालय काँकरभिट्टामा खोजीका लागि निवेदन दिएको बताइन् ।

प्रहरीले सचित्र हुलिया विभिन्न प्रहरी इकाइमा पठाएर फोनमा भएको कल विवरण विश्लेषण गरेर खोजीकार्य गरिरहेको इप्रका काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी दिए । दाहालका चार वर्षीय एक छोरा र १८ वर्षीया छोरी छन् ।

उनकी पत्नी शोभाले नातागोता, साथी र प्रहरीको सहयोगमा खोजीकार्य जारी रहेता पनि पत्ता लाग्न नसकेकामा चिन्ता व्यक्त गरिन् । प्रहरी, नातागोता र साथीभाइ सबै गुहारिसक्यौं, भेटिनुभएको छैन- उनले भनिन् । कहिल्यै घर झगडा पनि भएको थिएन, आर्थिक व्यवहारको पनि तनाव थिएन । उनको खोजीमा सघाइदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु ।

जंगलको चौतारीमा महिला अलपत्र

झापा, भदौ २३। पूर्वपश्चिम महेन्द्र राजमार्ग अन्तर्गत चारआली जङ्गल खण्डमा एक महिला दुई महिनादेखि अलपत्र रहेकी छन् । जङ्गलमा रहेको पक्की चौतारामा उनको रातोदिन बास छ ।

मङ्गोलियन अनुहारकी अन्दाजी ३५ वर्षकी ती महिला नेपाली बोल्न नसक्ने अवस्थामा छिन् । भारतबाट आउने कुनै गाडीबाट चारआली बजारमा उत्रिएपछि उनी जङ्गलको चौतारोमा लुगाकपडाको पोकोसहित बस्दै आएकी हुन् । सडक मानवको उद्धारमा सक्रिय अभियन्ता नरेश मोहराले भने- धरान र धनकुटामा नातेदार भएको बताउने उनले नातेदारको अहिलेको ठेगाना र नाम बताउन सक्नुहुन्न ।

(बाँकी अन्तिम पृष्ठमा)

स्रोत नखुलेको रकमसहित पक्राउ

धनुषा, भदौ २३। जनकपुर उपमहानगरपालिका-४ राजदेवी मन्दिर नजिकबाट स्रोत नखुलेको नगद २० लाख ५० हजार रूपैयाँसहित भारत विहार राज्य घर भएका २० वर्षीय राजेशकुमार साहलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी हवजोयरधानबाट खटिएको प्रहरीले उनलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

रूपेश्वर शिव पाञ्चायन मन्दिरका दातालाई सम्मान

भापा, भदौ २३। बिर्तामोड-४ आनन्दगञ्जस्थित रुपेश्वर शिव पाञ्चायन मन्दिर निर्माणमा सहयोग पुऱ्याउने दातालाई एक कार्यक्रमकाबीच सम्मान गरिएको छ।

आनन्दगञ्ज भजन कीर्तन मण्डलीले २०५७ सालबाट बालादेवी खरेलको अध्यक्षतामा भजनकीर्तन गर्दै आएको र दाता छविलाल प्रसाईले मन्दिरका नाममा साढे ११ धुर जमिन प्रदान गरेसँगै दातासँग सहयोग जुटाएर रुपेश्वर शिव पाञ्चायन मन्दिर निर्माण शुरु गरिएको थियो। भजन कीर्तन २०७१ सालसम्म नियमित सञ्चालन गर्दै आएको र श्रीप्रसाद खरेलको नेतृत्वमा जग्गा खोजी गर्दै मन्दिर निर्माण कार्य अघि बढाइएको थियो।

मन्दिर निर्माण सम्पन्नसँगै जग्गादाता स्व. छविलाल प्रसाईकी धर्मपत्नी खगमाया प्रसाईलाई सम्मान गरिएको थियो। बिर्तामोड शाना सहकारी खानेपानी संस्थाका अध्यक्ष मेघराज बाँस्तोलाको प्रमुख आतिथ्य तथा मन्दिरका अध्यक्ष राजकुमार प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा दातालाई सम्मान गरिएको हो।

सम्मानित हुनेहरुमा रुपेश्वर शिव पाञ्चायन मन्दिरलाई जग्गा प्रदान गर्ने दाता छविलाल प्रसाई, गंगाप्रसाद प्रसाई, संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, नन्दराम प्रसाई, चन्द्रप्रसाद खरेल, तिलमाया कार्की, चूडामणि पाठक, खड्ग प्रसाई, बिर्तामोड नगरपालिका, ४ नम्बर वडा कार्यालय, सन्तोष राजवंशी, खड्ग प्रसाई, राम राजवंशी, शेरबहादुर थापा, दिलीप बस्नेत, दीपेन्द्र समाल, राधा पाठक, प्रकाश शिवाकोटी, सजेश शिवाकोटी, यम कार्की, खगेन्द्र मैनाली, देवी घिमिरे, सञ्जीव चापागाँई, मानबहादुर श्रेष्ठ, गंगा उप्रेती, कृष्ण उप्रेती, जगन्नाथ महतो, सुजाधर महतो, योगेन्द्र खरेल, मोहन खरेल, उत्तम खनाल, नारायण खरेल, श्रीप्रसाद खरेल, रमेश थापा मगर, महेन्द्र पाठक , मेदनी पाठक, हरि दाहाल लगायत १६४ जना रहेका छन्।

मन्दिरका सल्लाहकार समिति संयोजक गंगाप्रसाद प्रसाईले स्वागत गरेको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी, नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोडका निर्वतमान अध्यक्ष सजेश शिवाकोटी, सामाजिक व्यक्तित्व शेरवहादुर थापा, युवा व्यवसायी मिजास पोखरेल लगायतको आतिथ्य रहेको थियो।

सो समारोहमा तीज मिलन समारोह समेत आयोजना गरिएको थियो। कार्यक्रममा सहभागी महिला दिदी बहिनीहरुलाई सामुहिक दर खुवाइएको थियो। कार्यक्रमको सञ्चालन रुपेश्वर शिव पाञ्चायन मन्दिरका सचिव चन्द्र प्रसाद खरेलले गरेका थिए।

एउटै चितामा भट्टराई दम्पती

बिनोद सापकोटा

दूधे, भदौ २३। विक्रम सम्वत् १९७७ सालमा चन्द्रशमशेरले सतीप्रथामा बन्देज लगाएपछि श्रीमानसँगै श्रीमतीको पनि एउटै चितामा अन्त्येष्टि गरिएको घटना विरलै सुनिन्थ्यो।

प्राकृतिक विपत्तिमा परेर जीवन गुमाएका परिवार बाहेकका घटनामा एउटै चितामा एक वा सोभन्दा बढीको पार्थिव शरीरलाई अग्निदाह दिएका घटना पनि कमै सुनिन्थ्यो। झापामा यस्ता घटना कमै हुने गरेका हुन्। तर, झापाको शिवसताक्षीस्थित कनकाई माईको पश्चिम किनारमा शनिबार सतिप्रथा कै झल्को एउटा घटनाले दिइरहेको थियो। त्यहाँ बनाइएको एउटा चितामा श्रीमान्-श्रीमती जलिरहेका थिए।

शवयात्रामा सहभागी अधिकांशले पनि एउटै चितामा श्रीमान् श्रीमतीको शव जलिरहेको कमै देखेको बताए। केहीले अलग-अलग चिता बनाएर अग्नि संस्कार गरेर अन्त्येष्टि गर्ने बताए पनि परिवार र आफन्तले भने एउटै चितामा दम्पतीको शव राखेर अन्त्येष्टि गर्ने बताए।

शिवसताक्षी नगरपालिका वडा नं ११ दूधेका ५९ वर्षीय तेजप्रसाद भट्टराई र उनकी पत्नी ५२ वर्षीया कमला भट्टराईको शव जलिरहँदा सहभागी मलामीका आँखा ओभानो थिएनन्। भट्टराई दम्पतीले इच्छामरण किन रोज्नुपर्‍यो ? उनीहरु मृत्यु रोज्न किन हतारिए ? के उनीहरुको इच्छामरण अन्तिम विकल्प नै थियो त ? मलामीका मनमा यस्तै प्रश्न आइरहेका थिए। तर, यी प्रश्न अनुत्तरित थिए। किनभने, जसले यी प्रश्नको जवाफ दिन्थ्यो, उनीहरुलाई चिता माथि राखी सकिएको थियो।

भट्टराई दम्पत्तिले मृत्युलाई प्राथमिकतामा राख्नु उनीहरूको गरिबी मुख्य कारण भएको स्थानीयले अनुमान लगाएका छन्।

भदौ १९ गते राति छोराबुहारी घरको पल्लो कोठामा सुतिसकेपछि तेजप्रसाद र कमलाले इच्छामरण गर्ने निर्क्यौल गरे सायद। दुवैजनाले नाम थाहा नभएको विषादि सेवन गरे र नजिकैको परालको माचमा गए। परालको माचमा मध्यरातमा पुग्नुपर्ने कारण आफूहरुले विषादि पिएको कसैलाई थाहा नहोस् भन्ने हुनुपर्छ। तर, छोरा खगेन्द्र बाहिर निस्कँदा बुवाआमा सुत्ने कोठाको ढोकाको 'हेन्डल' लगाएको भेटे। यति राति विना जानकारी कता जानु भएछ भनेर खोज्ने क्रममा छोरा खगेन्द्रले नजिकैको परालको माचमा दुवैजनालाई छट्पटाइरहेको अवस्थामा भेटे।

गाउँमा एकपछि अर्को गर्दै दम्पतीले विषादि सेवन गरेको हल्ला फैलियो। दुवैजनाको जीवन बचाउन सकिन्छ कि भनेर बिर्तामोडको मनमोहन अस्पतालमा पुऱ्याइयो। तर, दुवैजनालाई विषादिले दिएको पीडा बीसको उन्नाइस भएन।

२० गते कमलाले यो संसारलाई सँधैका लागि छोडेर गइन्। उनको जीवनको बाधक गरिबी भएर आउँदा जीवन छोड्न उनी बाध्य भइन्।

उनको मृत्युपछि शवको पोष्टमार्टम गर्नलाई मेची प्रादेशिक अस्पताल भद्रपुर लगियो। यता श्रीमान्को अवस्था पनि नाजुक बन्दै गयो। उपचार गर्ने पैसा भट्टराई परिवारमा थिएन। चिकित्सकले पनि उपचार गर्दा बचाउन नसकिने बताएपछि कमलाको शवलाई मेची प्रादेशिक अस्पतालमा पोष्टमार्टम गर्न पठाएर अचेत अवस्थामा रहेका तेजप्रसादलाई घरमा ल्याइयो।

२२ गते तेजप्रसादको शरीर केही अङ्ग चल्न थालेपछि थप उपचारका लागि मेची प्रादेशिक अस्पताल भद्रपुर लगियो। उनको त्यहाँ उपचार प्रक्रिया शुरु पनि भयो। तर, हुनुहार- दैव नटार भनेझैं उनको पनि श्रीमतीकै जस्तो इहलीला समाप्त भयो।

कमला क्यान्सरपीडित हुन्। चार वर्षदेखि स्तन क्यान्सरबाट पीडित कमलाको उपचारका लागि छोरा खगेन्द्र वैदेशिक रोजगारमा गए। छोराले कमाएको पैसाले कमलाको उपचार सम्भव थिएन। श्रीमान्ले पनि श्रीमतीको उपचारका लागि कुनै कसर बाँकी राखेनन्। तर, कमलाको शरीरमा लागेको रोग निको हुने अवस्थामा थिएन। छोराले विदेशबाट कमाएको पैसा र श्रीमान्ले ऋण गरेर करिब १३ लाख रुपैयाँ कमलाकै उपचारमा खर्च भयो।

श्रीमान् तेजप्रसादको पनि बाखालाई घाँस काट्न रुख चढ्दा लडेर खुट्टा भाँचिएको थियो। खुट्टाले पनि तेजप्रसादलाई दुःख दिरहन्थ्यो। उनको खुट्टामा लगाएको 'स्टिल' निकाल्न आर्थिक अवस्था दयनीय भएकै कारण सकेका थिएनन्। एकातिर श्रीमतीलाई क्यान्सर अर्कातिर श्रीमानको खुट्टाले दिएको असह्य पीडा दम्पत्तिलाई खपिसाध्य भएन। ०६१ सालमा ताप्लेजुङको खेवाङबाट बसाइँ सरी आएका थिए- भट्टराई परिवार। पहाडको सम्पत्ति सबै बेचेर उपचार गरेका दम्पतीको एकमात्र छोरा हुन् खगेन्द्र। १ कट्ठा जग्गा र त्यसमा बनेको घर बाहेक भट्टराई दम्पतीको केही थिएन।

ठूला दलका कारण हिंसात्मक गतिविधि बढेको आरोप

पथरीशनिश्चरे, भदौ २३। प्रतिनिधि सभाका सांसद डाक्टर सुनिल शर्माले मुख्य ठूला दलहरुको कारण विभिन्न किसिमका द्वन्द्व र हिंसात्मक गतिविधि बढेको बताएका छन्।

शनिबार मोरङको पथरीशनिश्चरे-१० मा रहेको श्री डांस मोरडी सामुदायिक वन उपभोक्ता समूहको २२औं साधारणसभामा सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन्। सांसद शर्माले आज मुलुकमा जातीय, धार्मिक तथा अन्य विभिन्न प्रकारका द्वन्द्व, हिंसा र आन्दोलनका घटनाहरू बढ्नुमा प्रमुख जिम्मेवार मुख्य राजनीतिक दलहरू भएको जिकिर गरे।

सांसद शर्माले आफूले निरन्तर जनताको पक्षमा आवाज उठाउँदा मुलुकका प्रमुख दलहरुको 'सिन्डिकेट' लाग्दै आएको कारण आफूले आफ्ना मतदाताको अपेक्षा अनुसार काम गर्न नसकेको बताए। उनले वर्तमान सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, हालका अर्थमन्त्री डा. रामशरण महत, महामन्त्री खुमबहादुर खड्काले मिलेर जनताले दिनरात दुःख गरेर तिरेको कर वा राजश्वलाई सबैभन्दा बढी आफ्नो निर्वाचन क्षेत्रमा विनियोजन गरिएकोमा आपत्ति जनाएका थिए।

सोही क्रममा कोशी प्रदेशकी सांसद गीता तिम्सिनाले सामुदायिक वनहरूको पीर मर्काबारे प्रदेशसभामा आवाज उठाउने वचन दिएकी छन्। उनले आफूले बोलेर भन्दा पनि काम गरेर देखाउने कुरालाई बढी ध्यान पुऱ्याइरहेको बताइन्। सोही क्रममा कोशी प्रदेश सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष अग्नि पौडेलले लोकतन्त्र र गणतन्त्र स्थापना भएको लामो समय भइसक्दा पनि सामुदायिक वन उपभोक्ता ऐन-नियमावली परिवर्तन हुन नसकेकोमा आक्रोश पोख्दै वर्तमान संघीय संसदमा आवाज उठाई दिन संघीय सांसद डा. सुनिल शर्मासँग आग्रह गरेका थिए। उनले सामुदायिक वन उपभोक्ता समूहहरूले दोहोरो करको कारण समस्या व्यहोर्नु परिरहेको औंल्याए।

उक्त अवसरमा सो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मदन पोखरेलले वार्षिक प्रतिबेदन, २०७९/०८०को वार्षिक कार्य प्रगति सार्वजनिक गर्दै आर्थिक वर्ष २०८०/०८१को लागि कूल ८३ लाख २८ हजार ८ सय १० रूपैयाँ बराबरको आम्दानी-खर्च सम्बन्धी भावी योजना पेश गरेका थिए। आफ्नो सामुदायिक वन उपभोक्ता समितिको वनक्षेत्रमा उत्पादित अर्गानिक निंगुरो, सिमसाग, आदिको प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए।

उक्त अवसरमा प्रमुख अतिथिको तर्फबाट डा. शर्माले दोसल्ला ओढाएर विपन्नवर्गका परिवारलाई खाद्यान्न, विद्यालयमा पढ्ने बालबालिकालाई छात्रवृत्ति, दूग्धजन्य पदार्थ उत्पादक उपभोक्ताहरूलाई क्यालसियम, लगायत वितरण गरेका थिए।

'केन्द्रीय नेतृत्वका कारण पार्टी बिग्रियो'

मेचीनगर, भदौ २३। नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले पार्टीलाई बदल्न केन्द्रीय नेतृत्व नै सुधारिनुको विकल्प नभएको बताएका छन्।

नेपाली काङ्गेस झापा क्षेत्र नम्बर १ प्रदेश क सम्मेलनको शनिबार झापाको काँकरभिट्टामा उद्घाटन गर्दै उनले कार्यकर्ताको कुरा नसुन्ने व्यक्ति नेता हुन नसक्ने बताए। पार्टी बिग्रनु र कमजोर हुनुको सम्पूर्ण दोष केन्द्रीय नेतृत्वले लिनुपर्ने उनको भनाइ थियो।

सहमहामन्त्री परियारले पार्टी बिग्रेको दोष कार्यकर्ताले लिन नसक्ने र त्यो उनीहरूको दायित्व नभएको उल्लेख गरे। अहिलेसम्म कोषाध्यक्ष चयन गर्न पार्टी केन्द्रले नसकेको सहमहामन्त्री परियारले स्वीकारे।

उनले भ्रष्टाचारीको जात, गोत्र, थर र लिङ्ग नहुने भएकाले कारबाही गर्नुको विकल्प नभएको बताए। जुनसुकै व्यक्ति भए पनि भ्रष्टाचारी भ्रष्टाचारी नै हो- उनले भने- भ्रष्टाचारीलाई कुनै पनि बहानामा उन्मुक्ति दिन मिल्दैन। उनले पार्टीमा अलग-अलग धारणा र दृष्टिकोण हुने भए पनि पार्टीमा सम्श्लेषण गरेर एक बनाउनुपर्नेमा जोड दिए।

बीपीसँग सपना थियो, समय थिएन तर हामीसँग समय भएर पनि सपना नभएको र काम गर्न नसकेको

उनको भनाइ छ। कार्यक्रममा काङ्गेस कोशी प्रदेश सदस्य विमल आचार्यले देश र जनताको पक्षमा काङ्गेसबाहेक कसैले काम गर्न नसक्ने दावी गरे। चर्का नारा, आक्रोश र अराजक कुरा गरेर कांग्रेसलाई सुधार्न नसकिने आचार्यले बताए।

महिला नेतृ तथा कोशी प्रदेश सदस्य रञ्जिता कार्कीले कांग्रेसमा केही नभएको सामान्य असन्तुष्टि र निराशा मात्रै उब्जिएको टिप्पणी गरिन्। उनले पार्टीलाई पुनर्ताजगीकरण गर्नुपर्ने बताइन्।

झापा कांग्रेसका उपसभापति केशवराज पाण्डेले कम्युनिष्टले सँधै मुलुक भाँड्ने काम मात्रै गरेको आरोप लगाए। राष्ट्रिय स्वतन्त्र पार्टीलाई उनले जग नभएको पार्टीको संज्ञा दिए। कुटनीतिक र अन्तर्राष्ट्रिय क्षेत्रमा मुलुकको सम्मान नभए नेता हुनुको अर्थ नहुने उनले बताए। युवा नेताको अनुहार हेरेर पार्टी चल्दैन तर आश भक्तिको भने पार्टी पूर्णरुपमा कमजोर हुने उनले दावी गरे। उनले गफभन्दा बढी कर्म गर्न केन्द्रीय युवा नेतृत्वलाई सुझाए।

झापा १का क्षेत्रीय सभापति इन्द्र बुढाथोकीले आदर्शको कुरा गरेर संगठन मजबुत नहुने तर्क गरे। उनले महाधिवेशनबाटै अनुशासन समिति निर्वाचित गर्नुपर्ने सुझाव दिए। कांग्रेस झापाका पूर्वउपसभापति राम कट्टेलले भ्रष्टाचारीलाई नजोगाउन नेतृत्वलाई चेतावनी दिए।

कांग्रेस मेचीनगर सभापति सुवेस पनेरूले संघीय संसदमा महामन्त्री विश्वप्रकाश शर्माले १४ हजार ६७४ मत र प्रदेशमा ६ हजार बढीले जितेको ठाउँको संगठन कमजोर नभएको बताए। नेपाली कांग्रेस क्षेत्र नम्बर १ प्रदेश क का सभापति हरि बुढाथोकीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत उपसभापति गंगा कोइरालाले र सञ्चालन सचिव इन्द्र आइदेम्बेले गरेका थिए। सभापति बुढाथोकीले प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन सर्वसम्मत पारित भएको थियो।

अलैंचीको ...

पहिलो मानिँदै आएको छ। नेपालमा अलैंची खेतीमा एक लाख ५० हजारभन्दा बढी कृषक आबद्ध छन् भने एक हजार पाँच सयभन्दा बढी अलैंची व्यवसायीहरु रहेको बताइएको छ।

अलैंचीको गुणस्तर सुधार सम्बन्धी ग्रेडिङ, प्याकेजिङ तथा लेबलिङ कार्यमा बिर्तामोडमा मात्र एक हजारभन्दा बढी महिला-पुरुष रोजगारमा आबद्ध छन्। व्यवसायीहरुले अलैंचीको गुणस्तर सुधारमा समेत जोड दिएका छन्। २०६४ सालमा नेपाल अलैंची व्यवसायी संघको स्थापना भइ हाल १५ वटा जिल्लामा शाखा विस्तार भएको बताइएको छ। ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, संखुवासभा, धनकुटा, भोजपुर, गोर्खा, लमजुङ, सिन्धुपाल्चोक, काभ्रे, दोलखा, खोटाङ, नुवाकोट र कास्कीमा जिल्ला शाखा विस्तार भएको बताइएको छ। सोलुखुम्बु, रोल्पा, दैलेख लगायतका जिल्लामा समेत शाखा विस्तारको तयारीमा महासंघ रहेको जनाइएको छ। अलैंचीको गुणस्तर सुधारका लागि कृषक व्यवसायी तथा निर्यातकर्ता सम्मिलित भेलाबाट गुणस्तर सम्बन्धी कार्यविधि निर्माण गरी महासंघले कार्यान्वयनमा ल्याएको छ।

पछिल्लो समय अलैंचीमा लागेको रोग नियन्त्रण हुन नसक्नु, समयमा किसानलाई प्राविधिक सेवा उपलब्ध गराउन नसक्नु, सिञ्चाइको व्यवस्था हुन नसक्नु नै उत्पादन वृद्धि नहुनुका मुख्य कारण भएको महासंघको ठहर छ। 'अलैंची खेती र यसको व्यवसायका लागि सरकारको स्पष्ट नीति हुन नसक्दा सम्भावना भएर पनि यसको खेती विस्तार हुन सकेको छैन'- महासंघ अध्यक्ष भट्टराईले भने- 'ठूलो मात्रामा वैदेशिक मुद्रा आर्जन गर्ने अलैंची खेती शुरु भएको इलाम जिल्लाबाट पुनः अलैंची रोपणको अभियान सञ्चालन गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ।' यहाँ उत्पादन भएको अलैंचीबाट हुनसक्ने फाइदाको विषयमा जनस्तरसम्म कार्यक्रम पुऱ्याएर नेपालमै यसको खपत बढाउन अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ।

अलैंची क्षेत्रमा चुनौति यस्ता छन्

उल्लेख्य विदेशी मुद्रा भित्र्याउने कृषिवस्तु भए पनि अलैंचीका लागि सरकारले छुट्टै नीति बनाउन नसक्नु पहिलो चुनौतीको रुपमा रहेको छ। नेपालमा अलैंचीको उत्पादन र खेती विस्तारका लागि कृषकहरुमा प्राविधिक ज्ञानको कमी, अलैंची सुकाउने आधुनिक भट्टीको अभाव, सिञ्चाइको पर्याप्त व्यवस्था नहुनु, मल-बीऊको अभाव, जिल्ला तथा केन्द्र तहमा अलैंचीको गोदामघर नहुनु, गैरकानूनी तथा दोहोरो कर संकलन गर्नु, मूल्यको उतार-चढाव, पछिल्लो समयमा भारत तथा भुटानमा तीव्र रुपमा अलैंची खेती विस्तार हुनु चुनौति बनेको छ। यसैगरी, विश्ववजारमा नेपाली अलैंचीको आफ्नै पहुँच पुग्न नसकेर भारतीय बजारमा मात्र निर्भर रहनुलाई चुनौतिको रुपमा लिइएको छ।

कार्यक्रममा महासंघले आफ्नो नीति तथा कार्यक्रम जिल्ला शाखाहरुमा सम्प्रेषण गरेको र जिल्ला शाखाहरुमार्फत किसान तथा व्यवसायीहरुसम्म नीति तथा कार्यक्रमको कार्यान्वयन भइरहेकोमा जिल्ला शाखाहरुको सक्रियतामाप्रति खुशी व्यक्त गर्दै देशमा स्थानीय, प्रदेश र संघीय कानून व्यवस्था लागू भइसकेको सन्दर्भमा आवश्यक समन्वय र सहकार्यमा आफ्ना गतिविधि सञ्चालन गर्न जिल्ला शाखा समितिहरुलाई निर्देशन दिएका बताइएको छ।

नेपाल उद्योग वाणिज्य महासंघबाट निर्देशित कार्यक्रमहरुलाई नेपाल अलैंची व्यवसायी महासंघले प्रभावकारी ढंगबाट अघि बढाएको छ। विभिन्न कृषि तथा व्यापारिक मेलाहरुमा नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा यस महासंघले सहभागिता जनाउँदै त्यस्ता मेलाहरुमा हुने व्यापार तथा राष्ट्रिय तथा अन्तरक्रिया-छलफलबाट व्यावसायिक उपलब्धि समेत हासिल भएको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली अलैंचीको महत्व र माग बढेको छ।

नयाँ संविधान जारी भई संविधान अनुसार स्थानीय, प्रदेश र संघीय दोस्रोपटक निर्वाचन सम्पन्न भई राजनीतिक रुपमा मुलुकले एउटा स्थायित्व प्राप्त गरिसकेको छ। यो अवस्थाले अलैंची व्यवसायी तथा किसानहरुमा अब खेती-व्यवसायले सकारात्मक गति लिने आशामा उत्साह थपिदिएको छ। अबको मुलुकको प्रमुख कार्यभार आर्थिक समृद्धि नै भएको राजनीतिक उद्घोषले व्यवसायीहरुमा ऊर्जा पनि थपिदिएको छ।

अझै पनि खट्किएको विषय के हो भने धेरै सरकारी तथा गैरसरकारी निकाय तथा संघ-संस्थाले आ-आफ्नो ढंगले अलैंची सम्बन्धी कार्यहरु गर्दै आइरहेका छन्। यसले सोचे अनुरुप प्रतिफल हासिल हुन नसकिरहेको महासंघले स्थापनाकालदेखि नै अनुभव गर्दै आएको छ। स्थानीय तहको गठनपश्चात अब सबै संघसंस्थाहरुलाई स्थानीय तहमार्फत नै आफ्ना कार्यक्रम सञ्चालन गर्ने गरी कानून निर्माण गर्नुपर्ने महासंघको माग रहेको छ। अलैंचीको क्षेत्रमा कार्य गर्दै आएका सबै सरकारी निकाय तथा संघ-संस्थालाई एकद्वार प्रणालीमार्फत काम गर्न महासंघले आग्रह गरेको छ।

नेपाल अलैंची व्यवसायी महासंघले अलैंचीसम्बन्धी गतिविधि तथा क्रियाकलापहरु प्रचारात्मक रुपमा पनि अघि बढाउने कार्यलाई निरन्तरता दिएको छ। महासंघले अलैंचीको उत्पादनदेखि निर्यातसम्मको विषयवस्तुहरुलाई दृश्यमार्फत प्रसारण गर्न श्रव्यदृश्य निर्माण गरेको छ। त्यसैगरी समय-समयमा आफ्ना गतिविधि पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै आएको छ। यी प्रकाशन र प्रसारणले नेपालको अलैंचीलाई विश्वमाझ परिचित गराउन र नेपाल सरकारलाई अलैंची सम्बन्धी योजना कार्यान्वयन, नीति निर्माणमा पनि सहयोग पुग्ने अपेक्षा महासंघले गरेको छ।

चुनौति सामना गर्न महासंघको रणनीति

क) अलैंचीमा देखिएको रोग र यसको प्रभावकारी नियन्त्रणका लागि नेपाल सरकारका विभिन्न निकायहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने।

ख) अलैंचीको गुणस्तर सुधारका प्रभावकारी कार्यक्रम व्यवसायीदेखि कृषकसम्म अभियानका रुपमा सञ्चालन गर्नुपर्ने।

ग) विगतमा अलैंचीको पर्याप्त खेती तथा उत्पादन हुने स्थानमा हाल रोग आदि कारणले उत्पादन शून्य हुँदै गएकोले नयाँ उत्पादनका सम्भावना बोकेका स्थानहरुको पहिचान गरी अलैंची रोपणको अभियान प्रारम्भ गरी १० हजार मेट्रिक टनभन्दा माथि उत्पादन गर्ने लक्ष्यका साथ अघि बढ्न सम्बन्धित पक्षसँग समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने।

घ) अलैंचीको घरेलु प्रयोगलाई बढाउन अलैंचीले मानव स्वास्थ्यमा पुऱ्याउने फाइदालाई जनस्तरसम्म प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने।

ङ) अलैंचीको मूल्यको स्थिर नभएको कारण यसबाट आमकृषक तथा व्यवसायीलाई पर्न गएको असहजतालाई सम्बोधन गर्नका लागि जिल्ला तथा केन्द्रस्तरमा विभिन्न बैंक तथा वित्तीय संस्थामार्फत धितो उपलब्ध हुने गरी अलैंचीको भण्डारण गर्ने गोदाम घरहरु निर्माण गर्ने।

च) अलैंचीको महोत्सव सञ्चालन गर्ने।

छ) अलैंचीको बजारीकरणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने।

पत्रकार ...

हजार एक सय नगदसहित सम्मान गरिएको महासंघका अध्यक्ष निर्मल भट्टराईले बताए। कार्यक्रममा व्यवसायी प्रभातकुमार अग्रवाललाई पनि सम्मान गरिएको थियो।

महासंघका अध्यक्ष निर्मल भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगत उपाध्यक्ष हेमराज ढकालको प्रमुख आतिथ्य रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि ढकाल, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, महासंघका सल्लाहकार दीपक नेपाल, किसानका तर्फबाट ताप्लेजुङका हर्कबहादुर गुरुङ, खोटाङ जिल्ला अध्यक्ष प्रेमकुमार राई, अलैंची विकास केन्द्र फिक्कलका राजन परियारलगायतले आ-आफ्नो भनाइ प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन महासंघका महासचिव नारायणप्रसाद चिमरियाले गरेका थिए।

जंगलको ...

अभियन्ता मोहराले उद्धार गरेर इटहरीको मायाघर लैजान प्रस्ताव गर्दा ती महिलाले नमानेको बताइन्। उनी बस्दै आएको चौतारो जङ्गली हात्ती हिँड्ने जोखिमपूर्ण क्षेत्रमा रहेको छ। दिउँसो राजगार्गमा सवारीसाधन र बटुवा हिँड्ने गरेता पनि सो स्थानमा राति सुनसान हुन्छ।

बिमालेख हरायो

दूधेबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/०४/१५ गते मेरो निम्न व्यहोराको कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- प्रतिक ओली
संरक्षक: छविलाल ओली
ठेगाना:- शिवसताक्षी-११, झापा
पोलेसी नं.:- २२१००५८७७
कम्पनी नाम: प्राइम लाइफ इन्स्योरेन्स क.लि.
हाल: हिमालय लाइफ इन्स्योरेन्स क. लि.
सम्पर्क: ९८५२६७५०९६

सच्याइएको

पूर्वाञ्चल दैनिकको २०८० भदौ २३ गतेको पृष्ठ ४मा प्रकाशित छिमेकी बचत तथा ऋण सहकारी संस्था लि.को धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित मिति २०८०।०५।२३ हुनुपर्ने साथै विवरणको आठौं लाइनमा तपसिल बमोजिमका घर/जग्गा यथास्थितिमा लिलाम बडाबड गर्न हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

पान नं. ३०२९२५४२१ श्री छिमेकी बचत तथा ऋण सहकारी संस्था लि. Shree Chhimeki Saving and Credit Co-Operative Society Ltd. दर्ता नं. १४/०६४/०६५ स्था : २०६४

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४३०९५/ ९८१७५९५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

असंसदीय व्यवहार अस्थिरताको कारण

सर्वोच्च अदालतको परमादेशले कोशी प्रदेशमा नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की मुख्यमन्त्रीमा नियुक्त भएका छन् । गत असार २१ गते सभामुखसहितको समर्थनबाट मुख्यमन्त्री बनेका गठबन्धन दलका नेता उद्धव थापा सर्वोच्चकै आदेशमा पदच्यूत भएका थिए । उनी मुख्यमन्त्री हुनुअघि एमाले र माओवादीको सरकार थियो । संघीय सत्ता गठबन्धनकै आधारमा माओवादीले समर्थन फिर्ता लिएपछि कार्की नेतृत्वको सरकार अल्पमतमा परेको थियो । ५३ सदस्यीय कोशी प्रदेशमा बहुमतका लागि आवश्यक संख्या नपुगेपछि कांग्रेस संसदीय दलका नेता थापा मुख्यमन्त्री त बने तर समामुखको हस्ताक्षरबाट बन्नु असवैधानिक ठहर गर्दै सर्वोच्चले उनलाई पदमुक्त गरिदियो । अदालतले संविधानको धारा १६८ को उपधारा २ अनुसार प्रदेश सरकार बनाउन बाटो खुलाइ दिएपछि थापा फेरि सत्तामा फर्किए तर त्यो पनि टिक्न सकेन ।

सत्ता प्राप्तिका लागि ठूला दलहरुका फोहरी खेलका कारण संघीय प्रणाली नै आलोचित बनेको सन्दर्भमा, संसदको अंकगणित कमजोर रहेकै अवस्थामा एमालेका कार्की फेरि मुख्यमन्त्री भएका छन् । सत्ताका लागि नैतिकता, आदर्श र निष्ठाको मूल्य-मान्यतालाई समेत उल्लंघन गरेर उपसभामुखलाई बिरामी र ज्येष्ठ सदस्यलाई अनुपस्थित गराउनेसम्मको गैरराजनीतिक चरित्र प्रदर्शन गरेको सरकार अघि विश्वासको मत फेरि पनि फलामको च्युरा सरह हुनेछ । सत्तारोहणकै लागि सभामुखले पदत्याग गर्नु र दोस्रो पटक बैठकको अध्यक्षता गर्ने व्यक्तिले मतदान गर्नु राजनीतिक बेइमानी भएको टिप्पणी पनि भएकै हो । यो र यस्ता घटनाक्रमले फेरि पनि कोशी प्रदेश सरकारको भविष्य अन्योलपूर्ण देखिएको छ भने प्रदेश मध्यावधिमा जान सक्ने अनुमान गर्न थालिएको छ ।

अबको एक महिनाभित्र नवनियुक्त मुख्यमन्त्री कार्कीले फेरि पनि विश्वासको मत लिनुपर्नेछ । अहिलेसम्म 'टसमस' नभएको मत कार्कीको पक्षमा चुहिएला यस्तो सम्भावना पनि छैन । कांग्रेस, माओवादी लगायतका दलले नसघाएसम्म कार्कीले विश्वासको मत पाउन कठिन छ । सर्वोच्चले पटक-पटक एउटै धारा प्रयोग नगर्न समेत आदेश दिएको छ भने एमाले र राप्रपाको उपसभामुख र ज्येष्ठ सांसदलाई अनुपस्थित गराउने जस्तो गैरसंसदीय चरित्रलाई नदेखे जस्तो गरेको छ । थापाले सत्ताका लागि बलमिच्याइँ गरेको आरोप लाग्दै गर्दा ठूलो दल एमालेले प्रदर्शन गरेको व्यवहारको पनि आलोचना भएको छ । संसदले मुख्यमन्त्री चयन गर्ने संवैधानिक प्रावधान हुँदाहुँदै अदालतले मुख्यमन्त्री तोक्नुले न्यायालयमाथि पनि प्रश्न खडा भएको छ । आफैंले डाकेको बैठकमा उपसभामुख एकाएक बिरामी पर्नु राजनीतिक षडयन्त्र बाहेक के हुनसक्छ ! संविधानले नै जिम्मेवार ठहऱ्याएका व्यक्तिहरुबाट हुने यसखाले गैरजिम्मेवार व्यवहारले कोशी प्रदेशको राजनीतिक अस्थिरता अझै बढेर जाने पक्का छ ।

अपराधमा हाईप्रोफाइलको राजनीतिक नेतृत्व संलग्न

इ. महेन्द्र पराजुली

अनियमितता र भ्रष्टाचारले देश आक्रान्त छ । भ्रष्टाचारको जालो र प्रवृत्ति बढेको मात्र होइन प्रकृति पनि फरक हुँदै गएको छ । विगतमा भ्रष्टाचारजन्य कार्यमा व्यक्तिको बढी संलग्नता र दायरा साँघुरो रहँदै आएकोमा केही दशक यसले संस्थागत स्वरूप लिँदै दायरा समेत फराकिलो हुँदै गएको छ । ट्रान्सपरेन्सी नेपालले सालबसाली प्रकाशित गर्दै आएको भ्रष्टाचार अनुभूति सूचकाङ्कले यसको पुष्टि गर्दछ । उपल्लो तहमा हुने नीतिगत भ्रष्टाचार (White Crime)ले देशको अर्थतन्त्र नै धर्मराउँदो अवस्थामा छ ।

मन्त्रिपरिषद् वा अन्तर्गतका समितिले सामुहिक रूपमा गरेका नीतिगत निर्णयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पहुँच नहुने हुँदा विभागीय मन्त्रीले आफ्नै तहबाट निर्णय गर्न सक्ने विषय पनि स्वार्थ समूहको प्रभावमा परेर मन्त्रिपरिषद्बाट निर्णय गराउने परिपाटी विकास हुँदा नीतिगत भ्रष्टाचार बढेको हो देशमा । जसको कारण ठूला-ठूला भ्रष्टाचार काण्डका नाइकेहरूले कारवाहीको दायरामा नै नआउनुपर्ने भई उन्मुक्ति पाउँदै आएका छन् भने भ्रष्टाचारको जरो गाडिन गई संस्थागत जस्तै बन्दै गएको छ । मुलुकको शासकीय स्वरूप परिवर्तन भए पनि संरचना, विधि, पद्धति, सोच र संस्कारमा परिवर्तन आएको छैन शासकहरूमा । डेलिभरी, सुशासन र भ्रष्टाचारबिरुद्ध 'शून्य सहनशीलता' (जिरो टलरेन्स) त सरकारका लागि सुगा रटाईमा मात्र सीमित छ । देश संघीय शासन प्रणालीमा गएपछि त भ्रष्टाचार पनि विकेन्द्रीत मात्र भएन मौलाउँदै पनि गयो । यसको पुष्टि महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले गर्दछ ।

सरकारले गरेका कतिपय नीतिगत निर्णय प्रत्यक्षरूपमा भ्रष्टाचारसँग जोडिएका छन् । माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई, बिजयकुमार गच्छदार र बिष्णु पौडेलसँग सम्बन्धित बालुवाटारको ललिता निवास जग्गा हिनामिना काण्ड, भानुभक्त ढकालसँग जोडिएको स्वास्थ्य सामग्री खरिदमा घोटाला सम्बन्धीको ओम्नी काण्ड, गोकुल बाँस्कोटा मुछिएको सेक्युरिटी प्रिन्टिङ्ग प्रेस खरिद काण्ड, पद्मा अर्याल मुछिएको गुणस्तरहीन रासायनिक मल खरिद प्रकरण, योगेश भट्टराई मुछिएको बतास काण्ड, रामबहादुर थापा (बादल)सँग सम्बन्धित ३३ किलो सुन काण्ड, रविन्द्र अधिकारीसँग सम्बन्धित वाइडबडी जहाज खरिद काण्ड, बसन्त नेम्वाङ मुछिएको रेल विभागको अग्रिम भुक्तानी प्रकरण, ईश्वर पोखरेल जोडिएको यति समूह काण्ड, केपी शर्मा ओली जोडिएको गिरिबन्धु टी स्टेट काण्ड, युवराज खतिवडासँग सम्बन्धित विद्युतीय सवारीसाधन र चकलेट काण्ड, जनार्दन शर्माको सीसीटीभी फुटेज काण्ड, २०७९ पुस १० गते विद्युतीय चुरोट (भेप)भित्र लुकाएर ल्याएको ९ किलो सुन तस्करीमा पूर्वसभामुख कृष्णबहादुर महरा, २०८० साउन २ गते मोटरसाइकलको 'ब्रेक सु'मा लुकाएर ल्याएको ६१ किलो सुन तस्करीमा पूर्व उपराष्ट्रपति नन्दकिशोर पुन र पूर्वमन्त्री वर्षमान पुन अनि संगठित मानव तस्करी प्रकरणमा जोडिएका पूर्व गृहमन्त्री बालकृष्ण खाँड र पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी प्रतिनिधि उदाहरण हुन् नीतिगत भ्रष्टाचारका । भ्रष्टाचार काण्डमा धेरैजसो कमरेडहरू मुछिनु चाहिँ खोजकै विषय बनेको छ ।

देशमा भएका ठूला र गम्भीर प्रकृतिका भ्रष्टाचारमध्ये एउटा चर्चित काण्ड हो बालुवाटारस्थित ललिता निवास जग्गा हिनामिना प्रकरण । २०४९ देखि २०६९ सम्म पटक-पटक विभिन्न तहबाट निर्णय तथा किर्ते गरी एक सय ४३ रोपनी छ आना सरकारी जग्गा हिनामिना भएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)को अनुसन्धानबाट पुष्टि भएको छ । २०४७ जेठ १४ को मन्त्रिपरिषद्को निर्णयमा टेकेर निर्णयको अपव्याख्या गर्दै २०४९ देखि जग्गा हिनामिनाको शुरुवात गरिएको थियो ।

सरकारी जग्गा व्यक्तिको नाममा ल्याई अपचलन गर्ने प्रकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रही संगठित र योजनाबद्ध रूपमा विभिन्न निर्णय प्रक्रियामा सहभागी पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराई, पूर्व मन्त्रीहरू विजयकुमार गच्छदार, डम्बरबहादुर श्रेष्ठ, चन्द्रदेव जोशी, प्रभुनारायण चौधरी, सञ्जयकुमार साह र दीनानाथ शर्मा, दुई पूर्व मुख्य सचिव माधव घिमिरे र लीलामणि पौडेललाई तानेर अनुसन्धानको दायरामा ल्याउनुपर्नेमा गठबन्धनको सरकारले नेपाल र भट्टराईलाई चोख्याएर उन्मुक्ति दियो । पूर्व सचिवहरू छविराज पन्त, शंकरप्रसाद सुवेदी, रवीन्द्रमान जोशी, नारायणगोपाल मलेगो, धरणीधर खतिवडा, दीप बस्न्यात, दिनेशहरि अधिकारी, युवराज भुसाल, रमेश ढकाल, राजुमानसिंह मल्ल, भेषराज शर्मा, कृष्णचन्द्र पौडेल, सुरेशमान श्रेष्ठ र माधवप्रसाद जोशी पनि कुनै न कुनै कोणबाट मुछिएका छन् ।

त्यस्तै गरेर पूर्व सहसचिवहरू सुधिरकुमार शाह, कलाधर देउजा, उमानाथप्रसाद ज्ञवाली, मुकुन्दप्रसाद आचार्य, रुद्रकुमार श्रेष्ठ, गेहनाथ भण्डारी, प्रेमबहादुर खापुङ, टीकाराम घिमिरे, शंकरप्रसाद सुवेदी, पुरुषोत्तम पौडेल, विनोदप्रसाद पौडेल, सुरोजराज



राजकर्णिकार, अशोकनाथ उप्रेती, धर्मप्रसाद गौतम, जितबहादुर थापा, तेजराज पाण्डेको संलग्नता पुष्टि भएको छ भने बहालवाला सचिव कृष्णबहादुर राउत समेतको संलग्नता पाइएको छ ।

ललिता निवास बालुवाटारको सरकारी जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको भन्दा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अनुसन्धानको दायरा बढाएपछि अनुसन्धान फराकिलो देखिए पनि ब्यूरो सरकार र उच्च स्तरको राजनीतिक नेतृत्वको प्रभावमा पऱ्यो भन्ने विश्लेषण छ राजनीतिक विश्लेषकहरूको ।

पूर्व प्रधानमन्त्री, मन्त्रीका आदेश र निर्णय मात्र होइन, पूर्व प्रधानन्यायाधीश एवम् मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी, पूर्व प्रधानन्यायाधीशद्वय मीनबहादुर रायमाझी, अनुपराज शर्मा, पूर्व न्यायाधीश बलराम केसी, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय र पूर्व मुख्य सचिव लीलामणि पौडेलका निर्णय/आदेश र फैसला पनि जग्गा हिनामिना प्रकरणमा सहयोगी बने ।

त्यतिमात्र होइन, भ्रष्टाचार लगायत विभिन्न कुनै न कुनै प्रकरणमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष कमरेड केपी शर्मा ओली, नेकपा एकीकृत समाजवादीका अध्यक्ष कमरेड माधवकुमार नेपाल, नेकपा एकीकृत समाजवादीका सम्मानित नेता कमरेड झलनाथ खनाल र डा. बाबुराम भट्टराई लगायतका पूर्व प्रधानमन्त्रीहरू र नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री कमरेड पुष्पकमल दाहाल (प्रचण्ड) जोडिएका घटना सार्वजनिक भइसकेको पृष्ठभूमिमा उनीहरूसहित २०४७ पछिका मन्त्री, सरकारी निकाय र नेपाली सेना अनि प्रहरीका उच्चस्तरीय पदाधिकारीका सम्पत्ति छानबिन गरी उनीहरूलाई कारवाहीको दायरामा ल्याउन सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीशको अध्यक्षतामा विज्ञ समूह रहेको एक स्वतन्त्र अधिकार सम्पन्न उच्चस्तरीय छानबिन आयोग गठन गरी सुशासनको अनुभूति दिने र भ्रष्टाचारप्रति 'शून्य सहनशीलता' (जिरो टलरेन्स)को प्रत्याभूत गर्नु पर्दछ सरकारले भन्ने ठम्याई र बुझाई छ यो पंक्तिकारको ।

विश्वको इतिहास पल्टाउने हो भने पुरुषको उत्थान र पतनमा महिलाको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । केही महिलाहरू कुनै न कुनै रूपमा हावी भएका उदाहरण छन् चाहे त्यो फ्रन्ट लाइनबाट होस् वा ब्याक ग्राउण्डबाट देशको शासन सत्तामा कब्जा जमाउन आफ्ना पति शासक भएका बेला । कुशासन र ठूला-ठूला भ्रष्टाचार काण्डमा उनीहरूको संलग्नता रह्यो । महिलाहरू आफैंले असाधारण भूमिका मात्र निभाएनन् प्रयोग पनि गरिए गुप्तचरी गर्न, सत्तामा बिद्रोह गराउन अनि सत्ता पलट गर्न ।

भनिन्छ, कुनै पनि पुरुष सफल वा असफल हुन त्यसमा महिलाको प्रत्यक्ष हात रहन्छ । महिलाको उचित सल्लाह, सुझावले पुरुष सफल भएका अनि गलत सल्लाहले शासक पतन भएका घटना पनि छन् विश्वको इतिहासमा । फिलिपिन्सका पूर्व राष्ट्रपति मारकोसकी पत्नी इमेल्दा मारकोस, चीनका नेता माओत्से तुङकी पत्नी च्याङ चिङ, इरानका राजा शाह पहल्वीकी पत्नी फराह र इण्डोनेसियाका राष्ट्रपति सुकार्नोकी पत्नी रत्नासरी देवी केही चर्चित महिला हुन् राज्य सत्तामा दखल राख्ने विश्वको इतिहासमा । फ्रन्ट लाइनमा देखिने महिलाभन्दा ब्याक ग्राउण्डबाट खेल्ने महिला घातक देखिएका छन् ।

नेपालको हकमा चाहे त्यो संगठित अपराधको मानव तस्करीमा होस् वा ठूला-ठूला भ्रष्टाचार काण्डमा सत्ता र शक्तिको आडमा रहेका महिलाको नाम जोडिए पनि पहुँच कै आधारमा उनीहरूलाई अनुसन्धानको दायरामा ल्याइएको छैन । अनुसन्धान नै नगरिएका प्रकरणहरूको अनुसन्धान अनि अनुसन्धान अधुरै छोडेर तामेलीमा राखिएका फाइल पुनः सक्रिय गराएर अनुसन्धान गरी जुनसुकै तहका व्यक्ति भए पनि उसलाई उन्मुक्ति नदिई दोषीलाई कारवाहीको दायरामा ल्याउन जरुरी छ ।

'सरसफाइमैत्री पालिका' साकेला

झापा, भदौ २३। साकेला गाउँपालिकाले फोहरमैलाको दिगो व्यवस्थापन गरी पालिकालाई 'सरसफाइमैत्री पालिका' निर्माण गर्न बजार, पार्क, सार्वजनिक स्थल तथा कार्यालयमा 'डस्टबिन' राख्न शुरु गरेको छ ।

गाउँपालिकालाई 'सुसंस्कृत, संस्थागत र समृद्ध' बनाइ पूर्णरुपमा 'सरसफाईमैत्री पालिका' बनाउन डस्टबिन राख्न सुरु गरेको हो । जिल्लाको सबैभन्दा सानो (पाँच वडा मात्र रहेको) साकेला गाउँपालिकाले मानेभञ्ज्याङदेखि नौलाखर्कसम्मको बजार, पार्क तथा सडकमा फालिएका फोहरमैला हटाउनुका साथै आवश्यकपर्ने र बढी जनघनत्व हुने ठाउँमा डस्टबिन राखेको छ ।

गाउँपालिकाको समृद्धिका लागि हरेक दिन विविध गतिविधि गर्दै आएको पालिकाले सार्वजनिक बिदाका दिनमा समेत फोहरमैला व्यवस्थापन र सरसफाईका क्षेत्रमा काम गर्दै आएको छ । गाउँपालिकाले शुरु गरेको अभियानमा गाउँपालिका अन्तर्गतका सबै कर्मचारी औपचारिक पोशाक लगाएरै उत्साहका साथ सहभागी हुने गरेका छन् । गाउँपालिकाले सबै वडा अन्तर्गतका विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक स्थल, सडक तथा पार्कमा फोहरमैला व्यवस्थापनका लागि डस्टबिन राख्ने गरेको छ ।

विभिन्न ठाउँमा राखिएका डस्टबिनमा सङ्कलन गरिएका फोहरमैलालाई गाउँपालिकाले डम्पिङसाइटमा लगेर व्यवस्थापन गर्ने जनाइएको छ । फोहरमैला व्यवस्थापनका लागि साकेला गाउँपालिका-३ खिदिमामा जग्गाको समेत व्यवस्थापन भइसकेको र डम्पिङसाइट निर्माण गर्ने तयारी भइरहेको गाउँपालिका प्रमुख रविप्रकाश राईले बताए ।

गाउँपालिकाले शुरु गरेको फोहरमैला व्यवस्थापन कार्यलाई सहयोग गर्न स्थानीय नागरिक समेत अग्रसर भएर लागीपरेका छन् । 'पालिकालाई सुसंस्कृत, संस्थागत र समृद्ध बनाउन सरकारले चाहेर मात्र हुँदैन, नागरिक आफैं अग्रसर र जिम्मेवार बन्नुपर्छ, अनिमात्र हामीले देखेको सपना पूरा हुन्छ' -गाउँपालिका प्रमुख राईले भने- 'सपना देखिसकेपछि योजना बनाएर काम गर्नुपर्छ । स्थानीय सरकारले शुरु गरेका सकारात्मक अभियानमा नागरिकले पनि साथ दिनेरहेछन् ।'

गाउँपालिकास्थित पूर्ण सरसफाई कार्यक्रमको आयोजनामा भएको सरसफाई कार्यक्रममा निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, स्थानीय व्यवसायी र सरोकारवाला निकायको सहभागिता रहने गरेको छ । फोहरमैला व्यवस्थापनबारे पूर्ण सरसफाई कार्यक्रमका कर्मचारीबाट सडक नाटक समेत प्रस्तुत गरिएपछि सरसफाइ अभियानको कार्यक्रम सञ्चालन गरिएको हो ।

फोहरमैला व्यवस्थापन र पूर्ण सरसफाइको कार्यक्रम पालिकाका सबै वडा र टोल तथा बस्तीमा नियमितरुपमा गरिने गाउँपालिकाका प्रवक्ता जीवन खत्रीले जानकारी दिए । सरसफाइमैत्री स्थानीय तह बनाउन पालिकाले गर्ने हरेक गतिविधिप्रति जागरुक भएर सहयोग गरिने सरोकारवालाले प्रतिबद्धता जनाएका छन् ।

साकेला गाउँपालिकामा विगत चार वर्षअघिदेखि पूर्ण सरसफाई कार्यक्रम सञ्चालन हुँदै आएको छ । विगतमा गैरसरकारी संस्था मार्फत सञ्चालन हुँदै आएको उक्त कार्यक्रम एक वर्षदेखि भने गाउँपालिका आफैंले सञ्चालन गरिरहेको छ । हरेक विकास निर्माणका कामलाई सार्थकता तुल्याउन सरकार र नागरिक एकढिक्का भएर अघि बढ्नुपर्ने गाउँपालिका प्रमुख राईले बताए । यसैक्रममा गाउँपालिका प्रमुख राईले विकास निर्माणका काम तथा परिवर्तनका लागि आफू केन्द्रित हुन नहुने धारणा समेत व्यक्त गरे ।

'जक' अभियोगमा दुई जना पक्राउ

झापा, भदौ २३। २४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको र ११ वर्षीया बालिकालाई बालयौन दुरूपयोग गरेको अभियोगमा बुद्धशान्ती गाउँपालिका-३ किनारा बस्तीका ७३ वर्षीय होमबहादुर विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ ।

विश्वकर्माले ११ वर्षीया बालिकालाई ललाई-फकाई पीडित कै घरमा बालयौन दुरुपयोग गरेको र भदौ १५ गते २४ वर्षीया महिलालाई डर त्रास देखाई जबरजस्ती करणी गरेको उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता ३४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सुनसरी बराहाक्षेत्र नगरपालिका-२ का ३१ वर्षीय राजेश तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

तामाङले महिलालाई उदयपुर बेलका नगरपालिका-८ धोपास्थित पाखाबारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

मोरक्को भूकम्पमा सयौं मानिसको मृत्यु

झापा, भदौ २३। मोरक्कोमा भएको शक्तिशाली भूकम्पमा परी हालसम्म (यो समाचार तयार गर्दासम्म) छ सय ३२ जनाको मृत्यु भएको छ भने तीन सय २९ जना घाइते भएका छन् । गृह मन्त्रालयका अनुसार घाइते मध्ये ५१ जनाको अवस्था गम्भीर छ ।

भैचालोमो ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल-हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै उक्त मन्त्रालयले मराकेस, अगादिर, कासाब्लाङ्का, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएका जनाएको छ । शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पबाट भयभीत मोरक्कोली मध्यरातमा घर छोडेर भागेका थिए । अहिले पनि अधिकांश घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन् । शक्तिशाली भूकम्पपछि साना-साना धेरै धक्का आज पनि महशुस गरिएको मोरक्कका सञ्चारमाध्यमले बताएका छन् ।

शुक्रबारको भूकम्प देशमा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली भएको उनीहरूले समाचारमा उल्लेख गरेका छन् । भयानक भूकम्प भएको ३३ वर्षीय अब्देलहक एल अमरानीले बताएका छन् । उनले बच्चाहरू रोइरहेको आवाज सुनेका तथा किंकर्तव्यविमूढ अभिभावकहरूलाई देखेको बताएका छन् । दश मिनेटसम्म बिजुली टेलिफोन सेवा बन्द भए पनि पछि सेवा सञ्चालन भएको उनले बताए ।

सरकारी अधिकारीहरूका अनुसार देशको एकतिहाइ भू-भाग भूकम्पबाट प्रभावित भएकाले ज्यान गुमाउने र घाइते हुनेको संख्या अझै बढ्नसक्ने अनुमान गरिएको छ । भूकम्पले नराम्ररी प्रभावित पर्वतीय क्षेत्रमा रहेका दुर्गम गाउँसम्म निकै कठिनाइ भएको छ । पुराना भवन भएका ती गाउँमा अकल्पनीय विनाश भएको अनुमान गरिएको छ । ती स्थानमा उद्धारकर्ताहरू पुग्न केही दिन लाग्न सक्छ । मराकेस, कासाब्लाङ्का लगायत शहरी क्षेत्रका मानिसले सडकमा रात बिताएका छन् । क्षति एवम् हताहतीको विस्तृत विवरण प्राप्त भएको छैन ।

यसैबीच, विश्वका विभिन्न मुलुकका नेताहरूले मोरक्को सरकारप्रति सहानुभूति प्रकट गर्दै सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले मोरक्कोलाई सहयोग गर्ने प्रस्ताव गरेका छन् भने फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले पनि मोरक्कोका भूकम्पपीडित जनता र त्यहाँको सरकारप्रति ऐक्यबद्धता प्रकट गरेका छन् ।

परम्परागत कोलमा निबुवा पेल्दै रावाबासी गाउपालिका–२ खार्पाका युवा राजन मगर । परम्परागत कोलमा पेलेर निकालिएको निबुवा र कागती रसबाट बनाइने अमिलो चुक खोटाडबाट बाहिरी जिल्लामा समेत निर्यात हुने गरेको छ । ***तस्वीर : रासस***

'भ्रष्टाचारीलाई बोकेर हिँडे काग्रेस सकिन्छ'

मेचीनगर, भदौ २३। कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना)ले चुनावी गठबन्धनको शृंखला सदाका लागि समाप्त भएको बताएकी छन् ।

चुनावी गठबन्धन गरेर पार्टीले गम्भीर गल्ती गरेको र उप्रान्त चुनावअघि गठबन्धन गर्न नहुने स्वर पार्टीभित्र चर्को बनिरहेको बेला सहमहामन्त्री उपाध्यायले यस्तो सार्वजनिक अभिव्यक्ति दिएकी हुन् ।

काङ्ग्रेसले चुनावमा हात दिएकै कारण माओवादीको साख जोगिएको उनको निष्कर्ष छ । कांग्रेसले दर्बिलो साथ दिएर नसमातेको भए अहिले माओवादी कहाँ पुग्थ्यो ? उनले प्रश्न गरिन् । कार्यकर्ताको निराशालाई आफूले नजिकबाट नियालीरहेको उल्लेख गरेकी उनले नयाँ पार्टीसँग आत्तिनुपर्ने आवश्यकता नै नरहेको स्पष्ट पारिन् ।

झापा क्षेत्र नम्बर १ प्रदेश क्षेत्र (ख) सभापति सन्तोष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्यद्वय सुशीला ढकाल, गोमा भट्टराई, कोशी प्रदेश सदस्य विमल आचार्य, कांग्रेस झापा सभापति देउकुमार थेवे, उपसभापति केशवराज पाण्डे, क्षेत्रीय सभापति इन्द्र बुढाथोकी, महाधिवेशन प्रतिनिधि राम कट्टेल र प्रेम सम्बाहाम्फेले आ-आफ्नो धारणा राखेका थिए ।

उपसभापति मोहन लिम्बूले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव प्रमोद खतिवडा गरेका थिए ।

अर्जुनधारामा बाल दिवस लक्षित कार्यक्रम

अर्जुनधारा, भदौ २३। ५९औं राष्ट्रिय बाल दिवसलाई लक्षित गरी अर्जुनधारा-८स्थित जलेश्वर सामुदायिक सिकाइ केन्द्रले चित्रकला प्रतियोगिता एवम् ज्ञानमूलक बाल श्रव्यदृश्य प्रदर्शनी कार्यक्रम शुरु गरेको छ ।

अर्जुनधारा-९ स्थित बालज्योति आधारभूत विद्यालयको भवनमा केन्द्रकी अध्यक्ष पुनम सुवेदीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि वडाध्यक्ष भीष्म मिश्रले उद्घाटन गरेका थिए ।

प्रतियोगितामा सहभागी नौ जना विद्यार्थीमध्ये प्रथम नेहा गिरी, द्वितीय करुणा गिरी र तृतीय सन्देश लिम्बू भएको केन्द्रकी परिचालक मञ्जु दाहालले जानकारी दिइन् । प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु वितरण गरिएको थियो ।

उक्त विद्यालयको संयोजनमा आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजय कुँवर, प्रधानाध्यापक पूजा भारती लगायतले मन्तव्य राखेका थिए । केन्द्रकी उपाध्यक्ष देवकला प्रसाईंले स्वागत गरेको कार्यक्रमको सञ्चालन परिचालक दाहालले गरेकी थिइन् ।

सोही कार्यक्रम शनिवार अर्जुनधारा-६ स्थित बालकल्याण आधारभूत विद्यालयमा सञ्चालन हुने केन्द्रकी सचिव इन्दिरा दाहालले जानकारी दिइन् ।

एमाले मोरङ अधिवेशनको तयारीमा

झापा, भदौ २३। नेकपा (एमाले) मोरङको १०औं अधिवेशन आगामी पुस २७ र २८ गते हुने भएको छ ।

जिल्ला कमिटीको आठौं पूर्ण बैठकले सो मितिमा अधिवेशन गर्ने निर्णय गरेको हो । यसअघि नवौं जिल्ला अधिवेशन २०७८ साल पुस २३ र २४ गते विराटनगरमा सम्पन्न भएको थियो । पार्टी केन्द्रको निर्णय बमोजिम मोरङ जिल्ला कमिटीको १०औं अधिवेशन हुन लागेको हो । अधिवेशनका सन्दर्भमा थप निर्णयहरु पछि हुने नेकपा (एमाले) मोरङका अध्यक्ष ऋषिकेश पोखरेलले जानकारी दिए । उनले जिल्ला अधिवेशनपछि १७ वटै पालिका कमिटीको अधिवेशन हुने बताए ।

बैठकले विराटनगरमा हुन लागेको कोशी प्रदेश कमिटीको प्रथम अधिवेशन भव्यरुपमा सम्पन्न गर्न सम्पूर्ण पार्टी पंक्ति परिचालन गर्ने निर्णयसमेत गरेको छ । अन्तर कमिटी निर्देशन बमोजिम आगामी असोज १२ र १३ गते हुने नेकपा (एमाले) कोशी प्रदेश कमिटीको प्रथम अधिवेशनका लागि प्रतिनिधि छनौट गर्न जिल्ला कमिटी उपाध्यक्ष बाबुराम कार्कीको संयोजकत्वमा प्रदेश प्रतिनिधि संयोजन र व्यवस्थापन समिति गठन भएको छ । उक्त समितिले जिल्लाभरीबाट प्रतिनिधि छनौटका लागि समन्वय र सहजीकरण गर्ने अध्यक्ष पोखरेलले बताए ।

उनका अनुसार कोशी प्रदेश कमिटीको अधिवेशनका लागि मोरङबाट एक सय ७८ जना प्रतिनिधि छनौट हुनेछन् । जसमा एक सय पार्टी सदस्य बराबर एक जना प्रतिनिधि चयन हुने छन् । प्रतिनिधि छनौट गर्दा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता हुनुपर्नेछ । युवाहरुको सहभागीलाई पनि जोड दिइएको छ । मजदुर निर्वाचन क्षेत्रबाट प्रतिनिधि चयन हुनेछन् । दलित समुदायको प्रतिनिधित्वका लागि प्रतिनिधि छनौट गर्न मुक्ति समाज जिल्ला कमिटी पदाधिकारीलाई सहजीकरण गर्ने जिम्मेवारी प्रदान गरिएको बताइएको छ ।

बैठकले वैचारिक, सांगठनिक तथा राजनीतिक कार्ययोजना समेत निर्माण गरेर एमाले मोरङ अधिवेशनमा होमिएको अध्यक्ष पोखरेलले बताए । नेकपा (एमाले) मोरङका इञ्चार्ज तथा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा केन्द्रीय सदस्य विनोद ढकाल, युवराज बाँस्कोटा, रामलाल साह, जीवन घिमिरे, प्रदेश कमिटी अध्यक्ष तुलसीप्रसाद न्यौपाने लागायतको आतिथ्य रहेको थियो ।

शिवसताक्षीमा तीज महोत्सव

दूधे, भदौ २३। शिवसताक्षीमा महोत्सवको आयोजना हुने भएको छ ।

सतासीधाम जेसीजको आयोजनामा भदौ २५ गतेदेखि असोज १० गतेसम्म १५ दिवसीय सतासीधाम जेसीज तीज महोत्सव २०८० आयोजना हुने आयोजक संस्थाकी अध्यक्ष निर्मला प्रधानले बताइन् ।

महोत्सव सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालय झापाबाट स्वीकृति प्राप्त भएको सतासीधाम जेसीजले जनाएको छ । हरितालिका तीजको अवसर पारेर सतासीधाम जेसीजले प्रथम सतासीधाम जेसीज हरितालिका तीज सांस्कृतिक तथा सांगीतिक महोत्सव आयोजना गर्ने भएको हो ।

महोत्सवको उद्देश्य र तयारीको विषयमा आयोजकले दूधेमा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिने भएको छ । संस्कृति संरक्षण सँगै शिवसताक्षी नगरको आर्थिक विकासको लागि महोत्सव कोसेढुङ्गो सावित हुने आयोजक संस्थाका सञ्चार संयोजक कुशल नेपालले बताएका छन् । महोत्सव दुई सिफ्टमा दिउँसो र अपरान्हपछि पनि सञ्चालन हुनेछ । मेलामा मनोरञ्जनका लागि खेल तमासा पनि रहने छन् ।

महोत्सवले शिवसताक्षी नगरको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउनेछ । महोत्सवमा सहभागी हुन

आउनेले नगरका सताक्षीधाम, दोमुखा, चिल्लागढ, बौद्ध गुम्बा, किरात माडहिम लगायतका धार्मिक तथा पर्यटन स्थलको भ्रमण गर्ने पनि आयोजक संस्थाले अपेक्षा लिएको छ ।

शिवसताक्षीभित्र र बाहिर गरेर दिनहुँ कम्तीमा दुई हजार मानिसले महोत्सवको अवलोकन र मनोरञ्जन गर्ने लक्ष्य राखिएको छ । सल्लाहकार समितिका सदस्य दुर्गा नेम्वाङका अनुसार दूधेमा चार दिनपछि उद्घाटन हुने महोत्सव ऐतिहासिक हुनेछ । उनले महोत्सव सफल बनाउन सबैसँग अनुरोध गरेका छन् ।

दूधे बजारको पश्चिम बस स्टेण्ड उत्तरको खाली जग्गा क्षेत्रमा महोत्सव आयोजना हुने बताइएको छ । नेपाल जेसीजका राष्ट्रिय अध्यक्ष विकास मानन्धरले भव्य समारोहकाबीच महोत्सवको उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजक संस्थाकी अध्यक्ष प्रधानले बताइन् ।

स्थानीयस्तरका प्रतिभा पहिचान र स्थानीय उत्पादनको बजारीकरण गरी ग्रामीण क्षेत्रको उत्पादनलाई राष्ट्रिय स्तरसम्म चिनाउने महोत्सवको मुख्य लक्ष्य रहेको छ ।

महोत्सवले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, संस्कृति र खेलकुदको विकासमा योगदान दिने पनि बताइएको छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहनेछ । आयोजक संस्थाले महोत्सववाट मनोरन्जन वापतको सेवा शुल्क निर्धारण गरेको छैन ।

पथरीमा जेसीज सप्ताह

पथरीशनिश्चरे, भदौ २३। पथरी जेसीजद्वारा जेसीज सप्ताह २०२३ विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै समापन गरेको छ ।

भाउन्ने जंगलमा रहेका विभिन्न जंगली जनावरहरू विशेष गरेर बाँदरहरूलाई खाद्यान्न सामग्रीहरू दिएर जंगली जनावरहरूसँग जेसीज कार्यक्रम आयोजना गर्दै समापन गरिएको हो ।

पछिल्लो समयमा खाद्यान्न आदिको अभावले पूर्व-पश्चिम राजमार्गमा जंगली जनवारहरू आउने र दुर्घटना बढ्दै गएको कारण उनीहरूलाई खाद्यान्न वितरण गरिएको पथरी जेसीजका अध्यक्ष सुवर्ण खत्रीले जनाएका छन् ।

त्यस्तै तेस्रो कार्यक्रम अन्तर्गत पथरीशनिश्चरे वडा नं. १० मा रहेको मलामीघाट सरसफाई कार्यक्रम सम्पन्न गरेको छ । हिमाल सेन्चुरीको संयोजकत्वमा सो कार्यक्रम सम्पन्न भएको थियो भने मुल सप्ताह संयोजक पूजा थापा रहेका छन् ।

त्यसैगरी गत बुधबार वडा नं. १० को मोरङ्गी डाँस खोलामा रहेको मलामीघाट क्षेत्रमा जथाभावी रहेको फोहोर मैलालाई यस वर्ष पनि सरसफाई गरेको थियो ।

त्यस्तै पथरीशनिश्चरे-१० स्थित शिविरडाँडाका वृद्धा आश्रमका ५० जना वृद्धवृद्धाहरूलाई खीर खुवाएर 'बुवा-आमासँग जेसीज' कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रमको संयोजक निर्मला गिरी (एन्जीला) थिइन् भने मूल सप्ताह संयोजक पूजा थापा र सुवर्ण खत्रीले अध्यक्षता गरेका थिए ।

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा न.पा.– ४ झापा

छापाखाना
क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्पर्कमुहोस् ।
● बार ९२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
आफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८५४०३६३४४

विशेष उपचार
अब बिर्ता आयुर्वेदमा
ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।
सम्पर्क :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

डिजिटल तराजु
विशेष छुटमा

Barnet Weighing Scale
सुरुङ्गा कनपा-३, झापा
Mob. 9810405794, 9802742456

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५
नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापामै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रसंशकहरू बढ्ने छन्, मन प्रसन्न रहला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।